कार्यपालिकाको ६७ औं बैठक/स्थानः- अध्यक्ष ज्यूको कार्यकक्ष

मिति २०८२ साल कार्तिक महिनाको २६ गते बुधबार

अध्यक्षताः- श्रीमान् बेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

उपस्थितिः-

१. श्री बेग प्रसाद गर्बुजा -- अध्यक्ष

२. श्री लक्ष्मी देवी घर्ति मगर पुन – उपाध्यक्ष

३. श्री मान सिं सापकोटा – का. वडा अध्यक्ष वडा नं. १

४. श्री उदय कुमार बुढाथोकी - वडा अध्यक्ष वडा नं. २

५. श्री मोति प्रसाद बुढा - वडा अध्यक्ष वडा नं. ३

६. श्री भजेन्द्रमान पुन - वडा अध्यक्ष वडा नं. ४

७. ~~श्री मिम पुन~~ - वडा अध्यक्ष वडा नं. ५
नविन बोटी पु.

८. श्री पथ बहादुर रोका - वडा अध्यक्ष वडा नं. ६

९. श्री टेक बहादुर पुन - वडा अध्यक्ष वडा नं. ७

१०. श्री मन कुमारी पुन – कार्यपालिका सदस्य

११. श्री प्रतिक्षा वि.क. - कार्यपालिका सदस्य

१२. श्री देवी पटेल - कार्यपालिका सदस्य

१३. श्री छरदेवी घर्ती - कार्यपालिका सदस्य

१४. श्री दल बहादुर खड्काथोकी - कार्यपालिका सदस्य

१५. श्री अनुप गौचन - कार्यपालिका सदस्य

१६. श्री हरिश्चन्द्र ढकाल – प्रमुख प्रशासकीय अधिकृत

अन्य उपस्थितिः-

सावित्री शर्मा - वे.सं / प्रशासन शाखा

प्रस्तावहरुः-

१. नव-प्रवर्तन साझेदारी परियोजना सम्बन्धमा,

२. विविध ।

निर्णयहरुः-

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखरा मार्फत मिति २०८२/०६/२८ गते प्रकाशित नव-प्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धी सूचना बमोजिम यस मालिका गाउँपालिकाबाट आ.व. २०८२/०८३ मा **ग्रामीण पुनरुत्थान परियोजना (Rural Revitalization Project)** सञ्चालनका लागि परियोजनाको कुल रकम मध्ये गाउँपालिकाको ३०% साझेदारी रकम आगामी हिउँदे अधिवेशनबाट विनियोजन गर्ने गरी परियोजनाको अवधारणा पेश गर्ने निर्णय गरियो ।

२. यस मालिका गाउँपालिकामा नव-प्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि सम्पर्क व्यक्ति कृषि अधिकृत सुस्मिता सुवेदीलाई तोक्ने निर्णय गरियो ।

३. यस मालिका गाउँपालिकाका लागि आवश्यक तपसिल बमोजिमका कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

- करार सेवामा कार्यरत कर्मचारीको लागि सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने कार्यविधि, २०८२
- कृषी विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२
- मेलमिलाप केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रसाथ संलग्न भई आएको अर्थ मन्त्रालयको निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धी निर्देशनको बुदाँ(ख), उप बुदाँ (५) को (ङ) को नेपाल सरकार, प्रदेश तथा स्थानीय तहमा स्वीकृत दरवन्दी बाहेक अस्थायी करारमा कर्मचारी राख्न नपाउने सम्बन्धमा यस गाउँपालिकामा दरवन्दी बाहेकको अस्थायी तथा करार कर्मचारीहरु धेरै मात्रामा स्वास्थ्य क्षेत्रमा रहेकोले स्वास्थ्य क्षेत्रको संवेदनशिलतालाई मध्येनजर गर्दै हालका लागि स्वास्थ्यका करार कर्मचारीलाई नहटाउने निर्णय गरियो ।

५. मानव सेवा आश्रम, बागलुङले आयोजना गरेको महायज्ञमा मालिका गाउँपालिकाको तर्फबाट रु. २०,०००/- अन्य **संघ संस्था सहयोग** शिर्षकमा खर्च लेख्ने गरी आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

६. मालिका गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को स्वीकृत वडा स्तरिय बजेट तथा कार्यक्रम अनुसार मालिका गाउँपालिका वडा नं. ५ को **मालिका गा.पा. ५ देविस्थान कृषि तथा पर्यटन अध्ययन तथा वृत्तचित्र** शिर्षकमा रु. १० लाख विनियोजन भएकोमा उक्त कार्यक्रम कार्यान्वयनका लागि टेन्डर प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

७. यस गाउँपालिकामा SaMi कार्यक्रम (चौथो) चरणको कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

श्री बेग प्रसाद गर्बुजा - अध्यक्ष
श्री लक्ष्मी देवी घर्ती मगर पुन – सदस्य
श्री टंक प्रसाद पुन - सदस्य
श्री हरिश्चन्द्र ढकाल – सदस्य
श्री सन्तु कुमारी कार्की – सदस्य
श्री सोम बहादुर खत्री – सदस्य
श्री सुमना के.सी. – सदस्य
श्री चक बहादुर बि.क. - सदस्य
श्री मेख बहादुर बुढाथोकी - सदस्य
श्री सावित्री गर्बुजा पुन - सदस्य सचिव